क्रमित क्षेत्रमा नयाँ बाख्रा ल्याउँदा अनिवार्य वारेन्टाइमा राख्ने।

## खोरेत रोगको उपचारहरू

बिरामी बाख्रालाई पर्याप्त पानी र झोलिलो ाना दिने।

ाडापखाला रोक्न ORS वा इलेक्ट्रोलाइट्स दिने।

ंक्रमण रोक्न एन्टिबायोटिक (Oxytetracy-line) दिने।

ुखाई कम गर्न र ज्वरो घटाउन एन्टिपाइरेटिक ौषधि (Paracetamol) दिने।

ाउ निको पार्न Iodine वा अन्य एण्टिसेप्टिक लगाउने।

## रामी बाख्रालाई विशेष हेरचाह गर्ने

बिरामी बाख्रालाई घामबाट टाढा राख्ने।

फा र न्यानो ठाउँमा राख्ने।

बिरामीलाई आरामदायी वातावरण प्रदान र्ने।

## याद राख्नु पर्ने कुराहरू

खोरेत रोग बाख्राहरूको लागि निकै हुन सक्छ। यो रोगको रोगथामका लागि ै खोप लगाउने सरसफाइमा ध्यान दिने र क्षिएमा तुरुन्तै उपचार गर्न आवश्यक छ। नहरूले समयमै सचेत भई आवश्यक कदम चाल्न सकेमा यो रोगबाट हुने ठूलो क्षतिलाई रोक्न सकिन्छ।

## विभिन्न प्रकारका रोग विरूद्ध दिइने खोपका नाम र मात्रा

| महिना | रोग | मात्रा/प्रति वयस्क बाख्रा | मात्रा पाठापाठी |
|---|---|---|---|
| जनवरी-फरवरी (माघ) | सि.पि.पि. | ०.२ मि.लि. | ०.२ मि.लि. (छालामा सुई दिने) |
| फरवरी-मार्च (फागुन) | पि.पि.आर. | १.० मि.लि. (मासु वा छालामा सुई दिने) | १.० मि.लि. (मासु वा छालामा सुई दिने) |
| मार्च-अप्रिल (चैत्र) | विफर (pox) | सुईको प्रयोग गरी नरम मासुमा सुई लगाउने | सुईको प्रयोग गरी नरम मासुमा सुई लगाउने |
| अप्रिल-मे (बैशाख) | इन्टेरोटोक्सेमिया | ५ मि.लि. (छालामा सुई लगाउने | २.५ मि.लि. (छालामा सुई लगाउने) |
| अप्रिल-मे (बैशाख) | खोरेत (FMD) | २ मि.लि. छालामा सुई लगाउने | १ मि.लि. छालामा सुई लगाउने |


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
दाङ
इमेल : pmamp.piudang@gmail.com
वेवसाइट : piudang.pmamp.gov.np


# खोरेत रोगका लक्षणहरू तथा रोकथाम सम्बन्धी जानकारी




नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
दाङ

खोरेत रोग एउटा अत्यन्त संक्रामक भाइरल रोग हो जुन मुख्य रूपमा बाख्रा र भेडामा देखिन्छ। यो Paramyxovirldae परिवारको Morbillivirus भाइरसले हुने गर्छ। यो रोग विशेष गरी विकासशील देशहरूमा बाख्रापालन गर्ने किसानहरूको लागि ठूलो चुनौती बनेको छ।

## खोरेत रोगको लक्षणहरू

खोरेत रोगका लक्षणहरू विभिन्न चरणमा देखिन्छन्। प्रारम्भिक र गम्भिर अवस्थामा निम्न लक्षणहरू देखिन्छ।



## प्रारम्भिक लक्षणहरू

- उच्च ज्वरो (४०-४२° C)।
- आँखा र नाकबाट स्राव पानीजस्तो रस बग्ने।
- थकाइ आलस्यपन र कमजोर देखिनु।
- खाना नखानु वा कम खानु।
- मुखभित्र आठ जिब्रोमा घाउ देखिनु।

## गम्भिर अवस्थामा देखिने लक्षणहरू

- आँखा र नाकबाट गाढा र चिप्लो स्राव आउने।
- श्वासप्रश्वासको समस्या (सास फेर्न ग्राह्रो हुनु)।
- मुख र गिँजाको भागमा घाउहरू बन्नु।
- झाडापखाला लाग्नु (रक्तस्रावसहितको)।
- शरीरको पानी कमि (डिहाइड्रेसन)।
- पछाडीका खुट्टाहरू कमजोर भएर उभिन नसक्नु
- समयमै उपचार नगरे मृत्युसम्म हुन सक्छ।

## रोग बढ्दै जाँदा देखिने लक्षणहरू

यदि उपचार नगरेमा रोगको गम्भीर रूप देखा पर्छ :

- बाख्रा अत्यन्तै दुब्लो र कमजोर हुन्छ।
- लगातार झाडापखाला हुन्छ ।
- पानीको कमिका कारण छाला सुख्खा हु
- कयौ केसहरूमा बाख्रा ५-१० दिनभित्र सक्छ।

## खोरेत रोगको रोगथामका उपायहरू

**खोप लगाउने**

- खोरेत रोग नियन्त्रणको सबैभन्दा प्रभाव उपाय PPR Vaccine लगाउने हो।
- स्वस्थ बाख्राहरूलाई नियमित रूपमा लगाउने।
- सामान्यत: ३-६ महिनाको उमेरमा प पटक खोप दिनुपर्छ।

## सरसफाइ र व्यवस्थापन सुधारहरू

- बाख्राको खोरलाई सफा र सुख्खा राख्ने।
- स्वस्थ बाख्राहरूलाई पोषणयुक्त खाना खुवाउ